# खनियाबास गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

दार्खा, धादिङ
बागमती प्रदेश,नेपाल

मितिः२०७७/०८/२३

प.सं.०७७/०७८
च.नं.

---

**<u>मल बिक्रेता छनौट प्रक्रियाको लागि निबेदन पेश गर्ने सम्बन्धि सूचना।।।</u>**

नेपाल सरकारले कृषकहरुका लागि अनुदानमा उपलब्ध गराउने मलको स्थानीय तहमा आपूर्ति तथा ब्यवस्थापन गर्ने बिक्रेता नियुक्तिको आवश्यक प्रक्रियाको लागि **"<u>अनुदानको मल वितरण ब्यवस्थापन निर्देशिका २०७७</u>"** बमोजिम यस गाउँपालिकाको प्रत्येक वडामा कम्तिमा १ वटा बिक्रेता रहनेगरि मल वितरक कम्पनीमा बिक्रेता छनौट गर्ने सिफारिस गर्ने प्रयोजनका लागि यस गाउँपालिका अन्तर्गतका मलको बिक्रि वितरण गर्न इच्छुक सहकारी संस्था, फर्म वा कम्पनीले तपशिल बमोजिमका कागजात सहित सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र यस गाउँपालिकाको कृषि विकास शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तपशिल:-</u>

१.मल बिक्रि वितरण गर्न इच्छुक सहकारी संस्था, फर्म वा कम्पनीको निर्णयको प्रतिलिपि र निबेदन।
२.निवेदकको दर्ता प्रमाणपत्रको प्रतिलिपि।
३.बिगत दुई (२) आर्थिक बर्षको लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि।
४.स्थायी लेखा नं. दर्ताको प्रमाणपत्र तथा करचुक्ता प्रमाण पत्रको प्रतिलिपि।
५.अनुभव कार्यक्षमताको विवरण।
६.नापतौल गर्ने मेसिन, गोदामघर, सूचना प्रविधि लगायतका भौतिक पुर्वाधारको विवरण।
७.संचालक समितिको विवरण ( नाम, ठेगाना, सम्पर्क नं. )।
८.सम्बन्धित वडा कार्यालयको सिफारिस।

( नोट: कृषि सहकारीलाइ पहिलो प्राथमिकता दिइनेछ। )

पुष्कल श्रेष्ठ
कृषि विकास शाखा प्रमुख

खुर्शिद अहमद मियाँ
नि.प्रमुख प्रशासकीय अधिकृत